मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८३/८४
चलानी नं. :

फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५

मधेशी आयोग
ज्वागल, ललितपुर

मितिः २०८३।०८।११

प्रेस विज्ञप्ति

छठ पर्वलाई युनेस्को (UNESCO) को अमूर्त सांस्कृतिक सम्पदा सूचीमा सूचीकृत गर्ने सम्बन्धमा ।

मधेशी समुदायको महान् तथा मौलिक चाड छठ पर्वलाई संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (UNESCO) को अमूर्त सांस्कृतिक सम्पदा सूची (Intangible Cultural Heritage List) मा सूचीकृत गर्ने आवश्यक प्रक्रिया अगाडि बढाउन आयोगको मिति २०८३।०८।११ को निर्णयानुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौंमा पत्राचार गरेको छ ।

इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. ७ स्थायी ठेगाना भएका श्री राम कुमार शाह (हलुवाई) ले छठ पर्वलाई सांस्कृतिक सम्पदाको रूपमा सूचीकरण गराउन पहल गरिदिनुहुन भनी आयोगमा पेश गर्नुभएको निवेदन समेतका आधारमा आयोगले यो कदम चालेको हो । तराई– मधेश लगायत देशका विभिन्न भागमा अत्यन्त श्रद्धा, भक्ति र निष्ठापूर्वक मनाइने छठ पर्व सूर्यको उपासना, प्रकृति संरक्षण, सामाजिक सद्भाव, समानता र सामूहिक सहभागिताको विशिष्ट उदाहरण बोकेको नेपालको अमूर्त सांस्कृतिक सम्पदाको महत्त्वपूर्ण धरोहर हो ।नेपालको संविधानको धारा २६२ तथा मधेशी आयोग ऐन, २०७४ बमोजिम मधेशी समुदायको भाषा, संस्कृति, कला तथा सम्पदाको संरक्षण र संवर्द्धन गर्ने संवैधानिक तथा कानुनी दायित्व बमोजिम छठ पर्वलाई विश्व सम्पदाको अमूर्त सूचीमा समावेश गराउन सके नेपालको सांस्कृतिक विविधता र मौलिक पहिचानको अन्तर्राष्ट्रिय स्तरमा थप प्रवर्द्धन हुने आयोगको विश्वास छ ।

२०८३।८।११ गते
(माननीय जीवछ साह)
कार्यवाहक अध्यक्ष

Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np